# लघु बीमक संस्थापना तथा दर्ता सम्बन्धी  निर्देशिका, २०७९

<u>समितिबाट स्वीकृत मितिः २०७९ श्रावण ३१ गते</u>

**<u>प्रस्तावनाः</u>** लघु बीमा व्यवसाय गर्ने लघु बीमकको दर्ता सम्बन्धी कार्यलाई पारदर्शी र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले,

बीमा ऐन, २०४९ को दफा ८ को खण्ड (घ२) को अधिकार प्रयोग गरी समितिले यी निर्देशनहरू जारी गरेको छ ।

## परिच्छेद १

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी निर्देशनहरूको नाम "लघु बीमक संस्थापना तथा दर्ता सम्बन्धी निर्देशिका, २०७९" रहेको छ ।

(२) यो  निर्देशिका तुरून्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अथ नलागेमा यस  निर्देशिकामा,-

(क) "ऐन" भन्नाले बीमा ऐन, २०४९ सम्झन पर्छ ।

(ख) "नियमावली" भन्नाले बीमा नियमावली, २०४९ सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापित बीमा समिति सम्झनु पर्छ।

## परिच्छेद २

## <u>संस्थापना र दर्ता सम्बन्धी</u>

३. <u>पब्लिक लिमिटेड कम्पनी हुनुपर्नेः</u> लघु बीमकको रुपमा दर्ता हुन प्रचलित कानून बमोजिम सीमित दायित्व भएको पब्लिक लिमिटेड कम्पनीका रुपमा समितिको पूर्व स्वीकृतिमा संस्थापना र दर्ता भएको हुनपर्नेछ ।

४. <u>बीमकको चुक्ता पूँजीः</u> लघुबीमा व्यवसाय सञ्चालन गर्न आवश्यक न्यूनतम चुक्ता पूँजी समितिले तोके बमोजिम हुनेछ ।

५. <u>चुक्ता पूँजीको विभाजनः</u> (१) लघुबीमा व्यवसायको प्रमाणपत्र लिन चाहने प्रस्तावित बीमकले आफ्नो चुक्ता पूँजीको संरचना देहाय बमोजिम विभाजन गरेको हुनु पर्नेछः-

(क) संस्थापक समूह कम्तीमा एकाउन्न प्रतिशत,

(ख) सर्वसाधारणलाई बिक्रीका लागि खुल्ला गरिएको कम्तीमा तीस प्रतिशत।

(२) प्रस्तावित लघु बीमकले आफनो कर्मचारीको निमित्त उपदफा (१) को खण्ड (ख) बमोजिम छुट्याएको चुक्ता पूँजीको बढीमा पाँच प्रतिशत सम्म छुट्याउन सक्नेछ ।

(३) लगानीकर्ता संगठित संस्था भएमा सोको पूँजी वा जगेडा कोषमा लगानीयोग्य रकम भएको हुनुपर्नेछ ।

(४) संस्थापकका एकाघर परिवार, संस्था वा संस्थागत समूहको कुल चुक्ता पूँजीको पन्ध्र प्रतिशत वा सोभन्दा कम शेयर स्वामित्व हुनु पर्नेछ ।

(५) प्रस्तावित बीमकको संस्थापक वा सञ्चालक निजको एकाघर परिवारका कुनै सदस्य सोही प्रकारका अन्य बीमकको सञ्चालक वा आधारभूत शेयरधनी भएको हुनु हुँदैन।

(६) प्रस्तावित बीमकको आधारभूत शेयरधनी सोही प्रकारको अन्य बीमकको आधारभूत शेयरधनी हुन पाउने छैन ।

(७) प्रस्तावकले लघु जीवन बीमा वा लघु निर्जीवन बीमा व्यवसाय गर्नेगरी छुट्टाछुट्टै आवेदन दिनु पर्नेछ ।

(८) संस्थापकले यसअघि कुनै बीमा कम्पनीमा लगानी गरेको भए त्यस्तो बीमकको नाम, लगानीको प्रतिशत र संचालक समितिमा प्रतिनिधित्व गरिरहेको भए सोसमेत खुल्ने गरी विवरण उल्लेख गर्नु पर्नेछ ।

(९) प्रस्तावित लगानीकर्ताको एकै किसिमको बीमा व्यवसाय गर्ने अन्य कुनै बीमकमा प्रतिहिस्सेदारी (क्रस होल्डिङ) रहेको भए वा हुने गरी त्यस्तो लगानीकर्ता संस्थापक रहन पाउनेछैन।

(१०) प्रस्तावित लघु बीमकको कर्पोरेट कार्यालय काठमाण्डौ उपत्यका बाहिर अवस्थित हुनु पर्नेछ । छनौट भएका प्रस्ताव मध्ये समितिले कुनै खास प्रदेशमा मुख्य कार्यालय रहने गरी तोक्न सक्नेछ ।

६. <u>संस्थापना गर्नुपूर्व सहमति लिनुपर्नेः</u> (१) लघुबीमा व्यवसाय गर्ने उद्देश्यले कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम दर्ता गर्नको लागि सम्बन्धित निकायमा निवेदन दिनुपूर्व समितिबाट लघु बीमा व्यवसाय गर्ने कम्पनी संस्थापना गर्ने सहमति प्राप्त गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्थापनाको लागि निवेदन दिंदा देहायका उद्देश्यहरू समेत राख्न सकिनेछः-

(क) दुर्गम, ग्रामीण तथा शहरी क्षेत्रको सीमान्तकृत तथा न्यून आय भएका समुदायलाई लक्षित गरी लघुबीमा सेवाको प्रवाह गर्ने,

(ख) लघु बीमा सेवाका सेवाग्राहीको रूपमा न्यून आय भएका परिवारको पहिचानका लागि स्पष्ट मापदण्ड तयार गरी सहूलियत दरमा लघु बीमा सेवा प्रवाह गर्ने व्यवस्थालाई सुदृढ पार्ने,

(ग) गरीबी निवारण सम्बन्धी विभिन्न कार्यक्रम र परियोजनाहरुलाई लघुबीमासँग आवध्द गरी समन्वयात्मक रुपमा कार्यक्रम संचालन गर्ने,

(घ) लघु उद्यमशीलताको विकास गर्नका लागि स्थापित निकायहरुसँग समन्वय गरी लक्षित वर्गको सम्पत्ति तथा जीवनमा पर्ने जोखिम सुरक्षण गर्नेगरी बीमालेख जारी गर्ने,

(ङ) स्थानीय स्तरमा विद्यमान सामुदायिक संस्था, वचत तथा ऋण सहकारी, लघुवित्त कारोबारमा संलग्न संस्थाहसँग आवद्ध जनतालाई समेट्ने गरी लघुबीमाका बीमालेख बिक्री गर्ने,

(च) स्थानीय तहमा लघुबीमाको पहुँच बढाउनुका साथै त्यस्तो नागरिकहरूमा बीमाको माध्यमबाट जीवन र सम्पत्तिको सुरक्षण गर्ने प्रचलनको विकास गर्ने,

(छ) दिगो एवं सरल रुपमा लघुबीमा सेवा उपलब्ध गराउने,

(३) उपदफा (१) बमोजिम बीमक संस्थापना गर्न सहमति प्राप्त गर्नको लागि देहायका कागजात संलग्न गरी समिति समक्ष निवेदन दिनु पर्नेछः-

(क) प्रस्तावित प्रबन्धपत्र र नियमावली,

(ख) अनुसूची-१ बमोजिमको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) अनुसूची-२ को ढाँचामा संस्थापकको व्यक्तिगत विवरण,

(ङ) संस्थापक कालो सूचीमा नरहेको वा कालोसूचीबाट हटेको तीनवर्ष पूरा भएको पुष्टी गर्ने कागजात,

(च) संस्थापकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(छ) संस्थापकको वित्तीय स्वार्थ भएका कुनै संस्था भए त्यस्तो संस्थाका विवरण खुल्ने कागजात,

(ज) प्रस्तावित बीमकका कर्मचारी सेवा शर्त तथा आर्थिक प्रशासन सम्बन्धी विनियमावली,

(झ) बीमाशुल्क निर्धारण गर्ने सम्बन्धमा अवलम्बन गरिने आधारहरु खुल्ने कागजात,

(ञ) बीमा जोखिमांकन, ग्राहक सेवा, बीमा दावीभुक्तानी र बजार प्रवर्द्धन सम्बन्धी छुट्टाछुट्टै दिग्दर्शन,

(ट) प्रस्तावित लघु बीमकले कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थासँग कुनै प्रकारको सेवा लिन चाहेको भए सो सम्बन्धी सम्झौता वा सहमति पत्र,

(ठ) संस्थापकले अघिल्लो आर्थिक वर्षसम्मका कर चुक्ता गरेको निस्सा,

(ड) कम्तीमा एक तिहाइ संस्थापकले स्नातक तहको उपाधि प्राप्त गरेका प्रमाण,

(ढ) संस्थापक सङ्गठित संस्था भएमा सा संस्थाको देहायको थप तथा विवरणहरुः-

(१) प्रस्तावित बीमकको संस्थापना गर्ने सम्बन्धी सञ्चालक समितिको निर्णय,

(२) प्रबन्धपत्र र नियमावली,

(३) प्रस्तावित बीमकमा लगानी गर्न सक्षम रहेको पुष्टी हुने कागजात,

(४) प्रचलित कानून बमोजिम नियमन हुने व्यवसाय वा कारोबार सञ्चालन गर्ने संस्था भएमा नियमनकारी निकायबाट बीमा व्यवसायमा लगानी गर्न दिएको अनुमति पत्र,

(ण) समितिले आवश्यक ठानेका अन्य कागजात तथा विवरण ।

७. समितिले सूचना प्रकाशन गर्नेः लघुबीमा व्यवसाय गर्ने बीमकको रूपमा समितिबाट ईजाजतपत्र प्राप्त गर्न चाहने व्यक्ति वा संस्थालाई आवेदन पेश गर्न समितिले आवश्यक शर्त तोकी सूचना प्रकाशन गर्नेछ ।

८. समितिले जाँचबुझ र मुल्यांकन गर्नेः (१) दफा ६ बमोजिम परेको निवेदनमा समितिले जाँचबुझ गरी कागजात पूरा भएका निवेदनलाई मूल्यांकनमा समावेश गरिनेछ ।

(२) उपदफा (१) बमोजिम योग्य निवेदकहरूको मूल्यांकनको लागि समितिले दफा ९ बमोजिमका आधारहरू समेत समावेश गरी मूल्यांकन गर्न एक मूल्यांकन उपसमिति गठन गरिनेछ ।

(३) उपदफा (२) बमोजिम गठित उपसमितिले समितिले तोकेको मूल्यांकनका आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावकको अङ्क र आधार सहितको प्रतिवेदन समितिमा पेश गर्नु पर्नेछ।

(४) मूल्यांकन उपसमितिको प्रतिवेदनका आधारमा समितिले सूचनामा तोके बमोजिम आवश्यक संख्यामा प्रस्ताव छनौट गरी सार्वजनिक सूचना प्रकाशन गर्नेछ । छनौटको सूचना पाएको तीन महिनाभित्र प्रचलित कानून बमोजिम संस्थापना भै नआएमा समितिले दिएको सहमति रद्द हुनेछ।

(५) समितिले यस दफा बमोजिम सहमति दिंदा अन्य आवश्यक शर्त तोक्न सक्नेछ ।

९. मूल्यांकनका आधारः (१) समितिले दर्ता हुन आउने प्रस्ताव मूल्यांकनका लागि देहाय बमोजिमको विषयगत बूँदाहरूमा अङ्कभार सहितको मूल्यांकनको आधार तोकिदिनेछः-

(क) व्यवसायिक सम्भाव्यता अध्ययन प्रतिवेदनमा लघुबीमा व्यवसाय सम्बन्धमा स्पष्ट अवधारणा, वस्तुगत विश्लेषण सहित विस्तृत व्यवसायिक कार्ययोजना,

(ख) विदेशी लघुबीमा कम्पनीसँग संयुक्त अनुक्रमण (Joint Venture) मा व्यवसाय गर्ने सम्बन्धी विषयका साथै प्राविधिक सहयोग सम्बन्धी विषय,

(ग) प्रडक्ट डिजाईन, प्राविधिक पुष्टयाँई तथा व्यवसाय विकास सम्बन्धी विषय,

(घ) संस्थागत लगानी सम्बन्धी विषय,

(ङ) लघुबीमा सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासका साथै नेपालमा यस्तो व्यवसाय स्थापना र संचालन गर्न आवश्यक हुने विषय,

(च) लघुबीमा व्यवसायसँग सम्बन्धित आवश्यक विवध पक्ष,

(छ) समितिले उपयुक्त ठानेका अन्य विषयहरू ।

१०. दर्ताका प्रमाणपत्र लिनु पर्नेः (१) दफा ६ बमोजिम समितिको सहमति लिई प्रचलित कानून बमोजिम कम्पनी संस्थापना भएमा त्यस्ता प्रस्तावित बीमकले बीमा व्यवसाय सञ्चालन गर्न ऐनको दफा १० बमोजिम बीमकको दर्ता प्रमाणपत्र लिनु पर्नेछ ।

(२) प्रस्तावित लघुबीमकले उपदफा (१) बमोजिम बीमा व्यवसाय गर्न दर्ताको प्रमाणपत्र लिन तोकिएको दस्तुर तिरेका निस्सा संलग्न गरी ऐनको दफा १० को उपदफा (२) तथा नियमावलीको नियम ७ मा उल्लेखित कागजातका अतिरिक्त देहायका विवरण तथा कागजात संलग्न गरी समिति समक्ष निवेदन दिनु पर्नेछः-

(क) प्रस्तावित बीमकको संस्थापना गर्न समितिले दिएको सहमति,

(ख) प्रस्तावित बीमक दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) लघु बीमकको प्रबन्धपत्र र नियमावली,

(घ) प्रस्तावित बीमकको तर्फबाट मुख्य व्यवस्थापकका रुपमा कार्य गर्ने प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापकीय तहका पदाधिकारीका व्यक्तिगत विवरण,

(ङ) बीमा जोखिम धारण सम्बन्धी नीति,

(च) लगानी नीति,

(छ) प्रस्तावित बीमालेख,

(ज) संस्थापकले लिन कबुल गरेका शेयरको रकम चुक्ता भई समितिले तोके बमोजिम बैङ्क खातामा जम्मा गरेको पुष्टी गर्ने निस्सा,

(झ) सङ्गठन संरचना सम्बन्धी विवरण,

(ञ) कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी विनियम,

(ट) आर्थिक प्रशासन सम्बन्धी विनियम,

(ठ) समितिले आवश्यक देखेका अन्य कागजात तथा विवरण ।

(३) उपदफा (२) बमोजिम दिइएको निवेदनसाथ प्रस्तावित लघु बीमकले देहायका शर्त पालना गर्ने कबुलियतनामा समेत संलग्न गर्नु पर्नेछः-

(क) समितिले समय समयमा तोके बमोजिमका चुक्ता पूँजी वा निर्धारित पूँजी कायम राख्ने,

(ख) लघुबीमा व्यवसायको लागि आवश्यक पूर्वाधार तयार गर्ने तथा सुविधा प्रदान गर्न सक्ने पर्याप्त आधार कायम राख्ने,

(ग) बीमितको हक हित संरक्षण हुने गरी नियमित रुपमा बीमा व्यवसाय सञ्चालन गर्ने,

(घ) बीमा व्यवसाय सञ्चालन गर्नका लागि आवश्यक पर्ने जनशक्तिका व्यवस्था गर्ने र त्यस्ता जनशक्ति निरन्तर रुपमा राख्ने,

(ङ) ऐन तथा सो अन्तर्गत बनेका प्रचलित कानून एवं बीमा व्यवसाय सम्बन्धमा समय-समयमा समितिबाट दिएको निर्देशन बमोजिम बीमा व्यवसाय सञ्चालन गर्ने,

(च) समितिले समय समयमा तोकेका अन्य शर्त पालना गर्ने ।

११. <u>दर्ताको प्रमाणपत्र प्राप्त गर्न पूरा गर्नुपर्ने शर्तहरु:</u> ऐनको दफा १० को उपदफा (२) बमोजिम बीमक दर्ताको निवेदन दिने निवेदकले देहायका शर्त पूरा गरेमा समितिले त्यस्ता निवेदकलाई ऐनको दफा १० को उपदफा (३) वा उपदफा (४) बमोजिम बीमक दर्ताका प्रमाणपत्र दिनेछः-

(क) यस निर्देशिका बमोजिमको चुक्ता पूँजी कायम गरी शेयर पूँजीका विभाजन गरेको,

(ख) प्रस्तावित बीमकको पूर्वसंचालन (Pre operation expenses) खर्च चुक्ता पूँजीका शून्य दशमलव पाँच प्रतिशत भन्दा कम रहेको,

(ग) प्रस्तावित बीमकको संस्थापकहरुको योग्यता अनुसूची-४ बमोजिम भएको,

(घ) प्रस्तावित बीमकको सञ्चालकहरुको योग्यता अनुसूची - ५ बमोजिम भएको,

(ङ) प्रस्तावित बीमकका प्रमुख ब्यवस्थापकका अनुभव र योग्यता समितले तोके बमोजिम भएको,

(च) प्रस्तावित बीमकबाट लघुबीमा ब्यवसाय सञ्चालन हुनसक्ने पर्याप्त आधार देखिएको,

(छ) प्रस्तावित बीमकले समितिले तोके बमोजिमका योग्यता पुगेको कार्यकारी प्रमुख, जोखिमाङ्कन (Underwriting), दावी भुक्तानी (Claim Settlement) विभाग हेर्ने विभागीय प्रमुख नियुक्त गरेको,

१२. प्रचलित कानून बमोजिम हुने: लघुबीमा व्यवसाय गर्ने बीमकको हकमा यस निर्देशिकामा लेखिएको व्यवस्थाहरूका अतिरिक्त समितिबाट जारी बीमक दर्ता तथा व्यवसाय संचालन निर्देशिका, २०७३, ऐन, नियमावली तथा प्रचलित कानूनमा भएका अन्य व्यवस्थाहरू समेत लागू हुनेछन् ।

१३. व्याख्या गर्ने अधिकार: यस निर्देशिकामा लेखिएका कुनै व्यवस्थाको सम्बन्धमा द्विविधा उत्पन्न भएमा व्याख्या गर्ने अधिकार समितिमा रहनेछ ।

** ** **

अनुसूची–१

(दफा ६ को उपदफा (३) को खण्ड (ख) सँग सम्बन्धित)

प्रस्तावित लघुबीमकका संभाव्यता अध्ययन प्रतिवेदनमा समावेश गर्नुपर्ने बुँदाहरु

**१. नेपालका समष्टिगत आर्थिक अवस्थाको विश्लेषण (Insurance-Economic Analysis)**

(क) नेपालका अर्थतन्त्रका अवस्था,

(ख) कुल गार्हस्थ उत्पादनको विश्लेषण,

(ग) सरकारी वित्त स्थिति,

(घ) लघु वित्त र लघुबीमा बीच सामञ्जस्यता,

(ङ) नेपालका लघु बीमा बजारको वर्तमान अवस्था,

(च ) लघु बीमक संस्थापनाको औचित्य ।

**२. नेपालका बीमा व्यवस्था**

(क) बीमा कम्पनीहरु,

(ख) बीमाका विकास (वृद्धि) दर,

(ग) बीमालेख र दावी भुक्तानीका अनुपात (राष्ट्रियस्तरमा र कारोवारको प्रस्तावित क्षेत्रमा),

(घ) बीमा शुल्कदर संरचना,

(ङ) जोखिम अनुपात विश्लेषण (राष्ट्रियस्तरमा र कारोबारको प्रस्तावित क्षेत्रमा),

(च) सम्भावित वित्तीय उपकरण (Financial Instruments) को आवश्यकता,

(छ) नाफा विश्लेषण (Profit Analysis)

(ज) विद्यमान बीमा प्रणालीका कमजोरी तथा सुधारका आवश्यकता ।

**३. प्रस्तावित लघुबीमा कम्पनीको व्यवसायिक योजना (कम्तीमा ५ वर्षको)**

(क) पूँजी संरचनाका विवरण,

(ख) स्थीर सम्पतिका विवरण,

(ग) व्यवस्थापन खर्च,

(घ) लघु बीमकले स्थायित्व पाउन सक्ने वा दीगो वृद्धि हासिल गन आधारभूत रणनीति,

(ङ) नयाँ बीमालेख सम्बन्धी योजना,

(च) पुनर्बीमा सम्बन्धी नीति,

(छ) बीमाका किसिम र बीमालेखको प्रकार,

(ज) ब्यापार विस्तार नीति,

(झ) शाखा विस्तार नीति ,

(ञ) संगठन तालिका, व्यवस्थापन शीप र व्यवस्थापन सूचना प्रणाली,

(ट) प्रविधि हस्तान्तरण,

(ठ) बीमा बजारका क्षेत्र,

(ड) लगानी नीति, योजना

(ढ) प्रतिफलका दर,

(ण) मानव संशाधन योजना,

(त) बजार प्रवेश रणनीति ।

**४. व्यवसायिक प्रक्षेपण, आर्थिक औचित्य र बीमालेख विश्लेषण**

(क) पूँजी संरचना,

(ख) स्थीर पूँजी खर्च विवरण,

(ग) कार्यालय संचालन खर्चका विवरण,

(घ) कर्मचारी खर्च विवरण,

(ङ) प्रारम्भिक खर्चको विवरण,

(च) बीमा व्यवसायको बजार हिस्सा,

(छ) कम्तीमा पाँच वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण,

(ज) बीमा कोषको विवरण,

(झ) प्रस्तावित बीमकका सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती बारेको (SWOT) विश्लेषण ।

** ** **